नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी

# बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा

# BEST PROVINCE POLICE OF THE MONTH

## २०७७ मङसिर



**दर्जा, नाम, थर:- प्रहरी हवल्दार शिव प्रसाद अर्याल**
**दरबन्दी :- प्रहरी चौकी ओखरपौवा, नुवाकोट ।**
**कार्यरत:- अस्थायी प्रहरी पोष्ट सिमुटार, नुवाकोट ।**

## उत्कृष्ट कार्यको बिबरण

प्रहरी चौकी ओखरपौवा,नुवाकोट दरबन्दी भई अस्थायी प्रहरी पोष्ट सिमुटार नुवाकोटमा कार्यरत प्र.ह.शिव प्रसाद अर्यालले आफुलाई सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक एवं प्रशंसनीय ढंगबाट सम्पादन गर्दै अस्थायी प्रहरी पोष्ट सिमुटारको जिर्ण अवस्थामा रहेको भवन समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत स्थानीय व्यक्तिहरुको सहभागितामा निर्माण समिति बनाई स्थानीय निकायहरुको सहयोग तथा समन्वयमा तिनकोठे पक्की भवन, आवश्यक फर्निचर, ट्वाईलेट बाथरुम तथा भान्सा घर निर्माणमा उल्लेखनीय भुमिका निर्वाह गरेको, आफनो जिम्मेवारी ईलाका भित्र बिबिध कारणले हुने सडक अवरोध कार्यमा बिभिन्न सरोकारवाला पक्षहरुसंग समन्वयात्मक भुमिका निर्वाह गर्दै तत्काल बाटो सुचारु गर्न पहल गरेको साथै मिति २०७७।०८।११ गते मैलुङ खोलामा हामफाली बेपत्ता भएको मानिस खोजि गर्ने सिलसिलामा मिति २०७७।०८।२३ गते त्रिशुली नदिमा फेलापारी आफन्तलाई जिम्मा लगाउन समेत सफल भएको हुँदा निजबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै यसको निरन्तरताका साथै अन्य प्रहरी कर्मचारीहरु समेतलाई प्रोत्साहित गर्न निज प्र.ह.शिव प्रसाद अर्याललाई यस कार्यालयबाट २०७७ साल "मङसिर" महिनाको "महिनाको सर्वोत्कृष्ट प्रदेश प्रहरी (BEST PROVINCE POLICE OF THE MONTH ) घोषणा गरिएको छ ।

**प्रहरी नायव महानिरीक्षक**
**( बसन्त कुमार लामा )**
**बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा**